annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक १८२, पृष्ठ ८ | काठमाडौं, आइतबार २३ कात्तिक २०८२ | मंसिर कृष्णपक्ष पञ्चमी, नेपाल संवत् ११४६ | SUNDAY, NOVEMBER 9, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# जेन–जी आन्दोलनपछि कस्तो छ, न्यायालयको लय

## आगजनीको छानबिन गर्न प्रहरीमा जाहेरी दर्ता, भवन पुनर्निर्माणका लागि ८ अर्ब बजेटको अपेक्षा

मुलुकमा पूर्वप्रधानन्यायाधीश सुशीला कार्की नेतृत्वको अन्तरिम सरकार छ। संवैधानिक कानुनका विज्ञ ओमप्रकाश अर्याल स्वयं गृहमन्त्री छन्। उद्योग, वाणिज्य तथा आपूर्तिसहित कानुन, न्याय तथा संसदीय मामिला, भूमि व्यवस्था र सहकारी तथा गरिबी निवारणमन्त्री बनेका छन्- सर्वोच्च अदालतबाटै सेवा निवृत्त न्यायाधीश अनिलकुमार सिन्हा। जनताको हक अधिकारको संरक्षण, विधिको शासनको स्थापना, मानव अधिकारको सरंक्षण र प्रत्याभूति, संविधानवाद तथा लोकतन्त्रको रक्षाका लागि पनि चाहिन्छ, न्यायालय। न्याय निसाफको थलोमा दुई महिनाअघि भएको आगजनीको अनुसन्धान र भवन पुनर्निर्माणका लागि बजेटको माग गर्दै सरकारको मुख ताकिरहेका छन्- सर्वोच्चसहित २३ न्यायालय।

समाचार पृष्ठ २

**दिनेश गौतम** | *काठमाडौं*

– को रिपोर्ट

### सर्वोच्च अदालत (पूर्ण क्षति)

क्षतिको विवरण : मूलभवन, सवारी साधन, फर्निचर, विद्युतीय तथा अन्यसमेत
स्थान : काठमाडौं
क्षतिको अनुमानित लागत : १ अर्ब २३ करोड ६२ लाख ३८ हजार ५२ रुपैयाँ

- क्षति भएका सवारी साधनहरूको मर्मत रकम समेत निजी गाडी २ वटा, निजी मोटरसाइकल र स्कुटी १५ वटा

### उच्च अदालत पाटन, हेटौंडा इजलास (पूर्ण क्षति)

क्षतिको विवरण : मूलभवन, सवारी साधन, फर्निचर, विद्युतीय तथा अन्यसमेत
स्थान : मकवानपुर
क्षतिको अनुमानित लागत : ३ करोड ५२ लाख ९१ हजार ४ सय ४९ रुपैयाँ




### उच्च अदालत तुलसीपुर, बुटवल इजलास (पूर्ण क्षति)

क्षतिको विवरण : मूलभवन, सवारी साधन फर्निचर, विद्युतीय तथा अन्यसमेत
स्थान : रुपन्देही
क्षतिको अनुमानित लागत : ६ करोड २ लाख २३ हजार २ सय ३२ रुपैयाँ

### उच्च अदालत तुलसीपुर (पूर्ण क्षति)

क्षतिको विवरण : मूलभवन, सवारी साधन फर्निचर, विद्युतीय तथा अन्यसमेत
स्थान : दाङ
क्षतिको अनुमानित लागत : २६ करोड ५८ लाख ४१ हजार ९ सय १३ रुपैयाँ

## अमेरिकी सटडाउनको असर : १ हजारभन्दा बढी उडान रद्द



**वासिङ्टन** (एजेन्सी): अमेरिकी संघीय सरकारको सटडाउनका कारण जारी आर्थिक संकटबीच देशभरका एयरलाइन्सहरूले शुक्रबार करिब १ हजार उडान रद्द गरेका छन्। यद्यपि अधिकांश तालिकाहरू सामान्य रहे पनि यात्रुहरू अझै पनि असहज अवस्थामा परेका छन्।

संघीय उड्डयन प्रशासन (एफएए) ले हवाई यातायात नियन्त्रकहरूमा अत्यधिक कार्यभार र तलब नपाएका कारण उत्पन्न तनाव कम गर्न व्यस्त विमानस्थलहरूमा सेवा घटाउने आदेश जारी गरेको छ। यसका कारण एटलान्टा, डलास, डेनभर, शार्लोटलगायत देशका प्रमुख विमानस्थलहरूमा लामो सुरक्षा लाइन र अन्तिम क्षणका उडान रद्दहरू देखिएका छन्। एफएएको आदेशअनुसार हाल करिब ४ प्रतिशत उडानहरू कटौती गरिएका छन्।

## बिहारसँग जोडिएका कोशीका सबै सीमा नाका बन्द




**रत्नप्रसाद आचार्य** | *सुनसरी*

भारतको बिहार राज्यको विधानसभा निर्वाचनका कारण सुनसरी, मोरङ र झापासहित भारतसँग सीमा जोडिएका कोशीका सबै सीमा नाका अस्थायी रूपमा बन्द गरिएका छन्। शनिबार साँझ ६:१५ बजेदेखि मंगलबारसम्म अर्थात् ७२ घण्टासम्म सीमा नाका शिल गरिएका हुन्।

सशस्त्र प्रहरी बल बराह बाहिनी पकलीका प्रमुख डिआईजी कुमार न्यौपानेका अनुसार, सुनसरीको भन्टाबारीदेखि मोरङको रानी भन्सार हुँदै झापाको भद्रपुरसम्मका सबै प्रमुख नाका शिल गरिएका छन्। 'नेपाल-भारत सीमाक्षेत्रमा सुरक्षालाई अत्यन्त कडाइ गरिएको छ,' न्यौपानले भने, 'सबै मुख्य भन्सार, छोटी भन्सार र अन्य आवागमन बिन्दुमा सशस्त्र प्रहरीका जवानहरू तैनाथ गरिएका छन।' बिहारमा मंगलबारदेखि सुरु हुने मतदानलाई लक्षित गर्दै सीमाक्षेत्रमा हुने संभावित अवैध गतिविधि रोक्न दुवै देशका सुरक्षाकर्मीबीच समन्वय गरिएको डिआईजी न्यौपानेले जानकारी दिए।

» बाँकी पृष्ठ ६

# २५ दिनमै ढल्यो सोनल नेतृत्वको सरकार

**गोविन्द महतो** | *जनकपुरधाम*

जेन-जी आन्दोलनपछि मधेसको मुख्यमन्त्री बनेका जितेन्द्र सोनलले पदबाट राजीनामा दिएका छन्। मुख्यमन्त्रीमा समर्थन गरेका सांसदले मत नदिने अडान लिएपछि लोकतान्त्रिक समाजवादी पार्टीका सोनलले पदबाट राजीनामाको घोषणा गरेका हुन्।

सोनलले शनिबार प्रदेशसभाबाट विश्वासको मत लिने कार्यक्रम थियो। तर, यसअघि मुख्यमन्त्रीमा समर्थन जनाएका माओवादीका दुई जना प्रदेशसभा सदस्यले मत नदिने घोषणा गरे। आफ्ना पक्षमा बहुमत नपुग्ने भएपछि सोनलले प्रदेशसभाबाटै राजीनामाको घोषणा गरे। सोनल नेतृत्वको सरकार २५ दिनमै ढलेको छ।

शनिबार साँझ विश्वासको मत लिन मुख्यमन्त्री सोनल प्रदेशसभामा पुगेका थिए। तर, माओवादीका दुई सांसदले विद्रोह गर्दै मत नदिने अडान लिएपछि विश्वासको मत पाउन कठिन देखेका मुख्यमन्त्रीले राजीनामा घोषणा गरे। सभामुख रामचन्द्र मण्डलले मत विभाजनको प्रक्रिया सुरु गरेपछि मुख्यमन्त्री सोनलले छलफल तथा वार्ताको समय माग गरेका थिए। तर, सभामुखले समय नदिएको भन्दै



राजीनामा घोषणा गरे। त्यसअघि सत्तापक्षबाट माओवादी केन्द्रका दुई सांसद रहबर अन्सारी र मालाकुमारी कर्णले प्रदेशसभामा बोल्दै सोनललाई विश्वासको मत नदिने घोषणा गरेका थिए।

सभामुख मण्डलले मत विभाजनको प्रक्रियामा जाने खोजेपछि रोष्ट्रमबाट बोल्न पाउनुपर्ने माग गर्दै माओवादीका सांसद अन्सारीले मधेस प्रदेशसभाको औचित्य र नैतिक धरातल सकिएको भन्दै आफ्नै मुखमा मोसो दलेका थिए। अन्सारीले सबै दल र सांसदहरूको नैतिक धरातल सकिएको भन्दै कुनै दललाई विश्वासको मत नदिने घोषणा गरे।

अन्सारीसँगै माओवादी केन्द्रकी अर्की सांसद कर्णले पनि केन्द्रीय शासन लागू गरेको भन्दै कुनै पनि दलको नेतालाई पक्ष वा विपक्षमा मतदान नगर्ने घोषणा गरिन्।

मधेस प्रदेशसभामा १०७ सांसदमध्ये ३ सांसद निलम्बित छन्। प्रदेशसभाको कुल सांसद संख्या १०४ मध्ये दुई जना जनस्वराज पार्टीका सांसद अनुपस्थित थिए। जनमतबाट विभाजन भएर नयाँ पार्टी बनेका जनस्वराजका दुई सांसद पूर्वमुख्यमन्त्री सतिषकुमार सिंह र त्रिभुवन साह बैठकमा अनुपस्थित भए। नागरिक उन्मुक्ति पार्टीले सोनारलाई विश्वासको मत दिने निर्णय गरेको थियो। तर संघीय समाजवादी पार्टीकी विमला अन्सारी अनुपस्थित रहेकी थिइन्।

### विद्रोही सांसद रहबर अन्सारी

माओवादी केन्द्रबाट निर्वाचित प्रदेशसभा सदस्य अन्सारीको विद्रोही स्वभावले मधेस प्रदेश सरकार ढलेको छ।

» बाँकी पृष्ठ ६

